**पहिलो चरणको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन अघिको चुनावी अभियान अवधिमा भएका घटनाहरु**

विश्लेषण अद्यावधि – १५

अवधि: कात्तिक ५- मंसिर ७, २०७४

प्रकाशित: मङ्सिर ७, २०७४

मंसिर १० मा हुने प्रतिनिधि सभा तथा प्रदेश सभाको पहिलो चरणको निर्वाचन अघिको प्रचार-प्रसार अवधिमा चुनावसम्बन्धी घटनाहरुको संख्यामा ठुलै वृद्धि भयो ।[1] कात्तिक ५ देखि मंसिर ७ सम्म ११४ चुनावसम्बन्धी घटनाहरु नेपाल मनिटरले रेकर्ड गऱ्यो, जबकी असोज १३ देखि कात्तिक ४ सम्म मात्र छ घटना घटेका थिए ।[2] घटनाहरुको संख्या बढ्नुको कारण यस प्रकार पाइयो :मुख्य पार्टीहरुको प्रचार बढ्नु, अज्ञात समूहहरुबाट उम्मेदवारमाथि हमला धेरै हुनु र सुरक्षाकर्मीद्वारा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का कार्यकर्ताहरुलाई चुनाव विरोधी गतिविधि गरेको भनेर पक्राउ गर्नु ।

यस अवधिभरी रेकर्ड भएका ११४ घटनामध्ये : नेकपा संलग्न भएका ५१ वटा घटनाहरु थिए । ४५ वटा घटनाहरु अज्ञात समूह र बिस्फोटनसम्बन्धी थिए । १० वटा घटनाहरु प्रमुख दलहरुबीच आपसमा भएको द्वन्द्वको कारण भएको पाइयो । चारवटा घटनाहरु दलका कार्यकर्ताहरुको उम्मेदवार चयनप्रति असन्तुष्टिसम्बन्धी थिए । एउटा घटनामा स्थानीय प्रशासन र राजनीतिक पार्टीबीच चुनावी कार्यक्रम स्थलको विषयमा विवाद भयो । अर्को घटनामा उम्मेदवारलाई गाउँलेहरुले खेदाए । यसैगरी भएको अर्को एक घटनामा उम्मेदवारका समर्थकहरुले पत्रकारमाथि आक्रमण गरे र थप एउटा घटनामा स्थानीयहरुले गाउँपालिकाको केन्द्र परिवर्तन गर्न नहुने भन्दै बिरोध गरे ।

यस निर्वाचनको प्रचार अवधिभरी भएका घटनाहरुको संख्या अन्य तीनै चरणका स्थानीय निर्वाचन अगाडिका प्रचार अवधिमा भएका घटनाहरुको संख्याभन्दा उच्च हो ।[3]

---

[1] यो नेपालको पहिलो प्रादेशिक निर्वाचन हो । प्रतिनिधि सभा निर्वाचन पनि १८ वर्ष पछि हुँदैछ । पछिल्लो प्रतिनिधि सभाको निर्वाचन सन् १९९९ मा आयोजना भएको थियो ।

[2] पहिलो चरणको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनको उम्मेदवार मनोनयन दर्ता अघि घटेका घटनाका लागि हेर्नुहोस् : विश्लेषण अद्यावधि – १४

[3] पहिलो चरणको स्थानीय निर्वाचनको प्रचार अवधिमा ५६ घटनाहरु रेकर्ड गरिएका थिए भने, दोस्रो र तेस्रो चरणका प्रचार अवधिमा क्रमश: ८९ र ११ घटनाहरु रेकर्ड गरिए ।

नेकपासम्बन्धी घटनाहरुको संख्या यस अवधिमा उल्लेखनीय रुपमै बढी थियो ।[4] तथापि ५१ वटा नेकपासम्बन्धी घटनाहरुमध्ये नौवटामा उक्त पार्टीका कार्यकर्ताहरुले चुनाव बिथोल्ने गतिविधि गरेका थिए । बाँकी ४२ घटनाहरुमा प्रहरीले नेकपा कार्यकर्ताहरुलाई चुनाव बिथोल्ने गतिविधि गरेको आरोपमा गिरफ्तार गरेको पाइयो ।[छ] नेकपाले चुनाव बिथोल्ने गतिविधि गर्न थालेपछि, उसका कार्यकर्ताहरुले देशका अन्य भागमा पनि त्यस्ता कार्य गर्न सक्ने पूर्वानुमानको भरमा देशभरी नेकपा कार्यकर्ताहरुलाई प्रहरीले समातेको देखियो ।

बिस्फोटन र अज्ञात समूहसम्बन्धी घटनाहरुको संख्या पनि यस अवधिमा  वृद्धि हुन पुग्यो ।[6] थुप्रै राष्ट्रिय नेताहरुलाई बिस्फोटनको निशाना बनाइयो तर नेताहरु यी घटनाहरुबाट घाइते भने भएनन् । त्यस्तै, यी घटनाहरुले निर्वाचन प्रचार-प्रसारलाई खासै असर पनि गरेनन् । यद्यपि, हिंसाको निरन्तरताले मतदातामा भय पैदा भएर निर्वाचनको दिनमा मतदाता संख्यामा असर पर्ने देखिन्छ ।

मंसिर १० को पहिलो चरणको निर्वाचनमा सामेल हुने जिल्लाहरुमा, घटनाहरुको संख्या उच्च थियो । ५६ जिल्लाहरुमा ११४ घटनाहरु रेकर्ड गरिएमध्ये, ६७ घटनाहरु पहिलो चरणको चुनाव हुने ३२ मध्येको २७ जिल्लाहरुमा  घटे । बाँकी ४७ घटनाहरु मंसिर २१ को दोस्रो चरणको  चुनाव हुने ४५ मध्ये २९ जिल्लाहरुमा रेकर्ड गरिए । चुनावको दिन नजिकिँदै जाँदा, दोस्रो चरणको चुनाव हुने जिल्लाहरुमा घटनाहरुको संख्या बढ्ने सम्भावना देखिन्छ ।[7]

## घटनाहरूको विवरण[8]

### नेकपाद्वारा निर्वाचन लक्षित गतिविधि

- कात्तिक १६ गते, भोजपुरको भोजपुर नगरपालिकास्थित टक्सारमा नेकपाले नेपाली काँग्रेसको प्रदेश सभा उम्मेदवारको घर कब्जा गरेको दाबी गऱ्यो । उक्त उम्मेदवारले भोजपुरको प्रादेशिक निर्वाचन क्षेत्र २ बाट चुनाव लड्दै छन् । चुनावी प्रक्रियाबाट

[4] नेकपासम्बन्धि २० घटना पहिलो चरण स्थानिय निर्वाचनमा रेकर्ड गरिएका थिए भने, दोस्रो र तेस्रो चरणका प्रचार अवधिमा क्रमशः १५ र शुन्य घटना रेकर्ड गरिए ।

[5] पछिल्लो तीन हप्तामा ३०० भन्दा बढी मानिसलाई निर्वाचन बिरोधि घटनामा संलग्न भएको आरोपमा गिरफ्तार गरिएको छ ।

[6] पहिलो चरण स्थानिय निर्वाचनको प्रचार अवधिमा अज्ञात समूह र बमसम्बन्धि १० घटना थिए भने, दोस्रो र तेस्रो चरणका प्रचार अवधिमा क्रमशः १२ र आठ घटना रेकर्ड गरिए ।

[7] सबैभन्दा बढी घटना भएको जिल्ला सात घटनासहित रोल्पा थियो भने, भोजपुर, बागलुङ र नुवाकोट हरेकमा पाँच घटना घटे । रसुवा र धादिङमा चार-चार घटना घटे ।

[8] सम्पूर्ण घटनाहरुको लागि नेपाल मनिटरको वेबसाइट हेर्नुहोस् ।

आफ्नो नाम फिर्ता लिनु भन्ने नेकपाको 'अनुरोध' लाई ती उम्मेदवारले वास्ता नगरेकाले पार्टीले त्यस्तो कदम चालेको कुरा नेकपाले एक प्रेस विज्ञप्तिमा जनायो । नेकपाका जिल्ला सचिवले भोजपुरका अन्य चुनावी उम्मेदवारका घरहरु पनि पार्टीले कब्जा गर्ने भने । तर जिल्ला प्रहरी कार्यालयले घर कब्जा गरेका नेकपाका सबै दाबी झुट भएको बतायो ।

- कात्तिक १९ गते, नेकपाले नेपाल कम्युनिस्ट पार्टी - माओवादी केन्द्रका (नेकपा माके) एक उम्मेदवारको सल्यानस्थित घरमा जबर्जस्ती कालो झन्डा राख्यो ।
- कात्तिक २२ गते, ताप्लेजुंगको आठराई त्रिवेणी गाउँपालिका वडा ५ स्थित वाम गठबन्धनको प्रदेश सभा उम्मेदवारको निवासमा नेकपाले जबर्जस्ती कालो झण्डा राख्यो । नेकपा जिल्ला सचिवले उक्त उम्मेदवारलाई पटक-पटक उम्मेद्वारी फिर्ता लिन अपिल गरिएको बताए । प्रहरी कालो झण्डा सोही दिन हटायो ।
- कात्तिक २७ गते, आफ्ना कार्यकर्तालाई कथित 'निर्वाचन बिरोधी गतिविधि' को आधारमा गिरफ्तार गरिएको भन्दै नेकपाले रुकुम जिल्ला बन्दको आह्वान गर्‍यो । बन्दले जिल्लाका विद्यालय, उद्योग-धन्दा र सार्बजनिक यातायात प्रभावित भए । नेकपाका जिल्ला सचिव गिरफ्तार हुनु नै बन्दको प्रमुख कारण थियो ।
- मंसिर ३ गते, मुगुको छाँयानाथ-रारा नगरपालिकाका मतदाताहरुले चुनावमा मत नहाल्न नेकपाले आफुलाई धम्क्याएको गुनासो गरे । नेकपाले अन्य पार्टीहरुको चुनावी प्रचार सामग्री पनि नष्ट गरेको स्थानीयहरुले बताए । प्रमुख जिल्ला अधिकारीले उक्त समाचार आफुले पाएको बताए ।

नेकपा कार्यकर्ताको गिरफ्तारी

- कात्तिक २२ गते, प्रहरीले रुकुमका जिल्ला सचिवसहित चार नेकपा कार्यकर्तालाई लिवांग नगरपालिकाबाट 'निर्वाचन बिरोधी गतिविधि' को आरोपमा गिरफ्तार गर्‍यो । नेकपाले आफ्ना कार्यकर्ताको यथाशिघ्र चाँडो रिहाईको माग गरेको छ ।
- कात्तिक २२ गते, प्रहरीले पाँचथरस्थित पौवाभंज्यांगबाट दुई नेकपा कार्यकर्तालाई 'निर्वाचन बिरोधी गतिविधि' को आरोपमा गिरफ्तार गर्‍यो ।
- कात्तिक २६ गते, प्रहरीले अर्घाखाँचीका जिल्ला सचिवसहित चार नेकपा कार्यकर्तालाई 'निर्वाचन बिरोधी गतिविधि' को आरोपमा गिरफ्तार गर्‍यो ।
- कात्तिक २५ र २६ गते, प्रहरीले गोर्खाका विभिन्न स्थानबाट आठ नेकपा कार्यकर्तालाई गिरफ्तार गर्‍यो । देशका अन्य स्थानमा बम पड्किन थालेपछी, जिल्लामा त्यस्ता घटना नहुन् भनेर उनीहरुलाई समातेको प्रहरीले जनायो । उक्त गिरफ्तारीहरु गृह मन्त्रालयको ठाडो आदेशमा भएको तथ्य प्रहरीले बतायो ।
- कात्तिक २६ गते, प्रहरीले प्युठानका जिल्ला सचिवसहित तीन नेकपा कार्यकर्तालाई 'निर्वाचन बिरोधी गतिविधि' को आरोपमा जिल्लाका विभिन्न स्थानबाट गिरफ्तार गर्‍यो ।

- कात्तिक २७ गते, प्रहरीले पुर्वानुमानको अधारमा ताप्लेजुंगबाट आठ नेकपा कार्यकर्तालाई गिरफ्तार गऱ्यो । आफ्ना कार्यकर्तालाई तत्काल रिहा नगरे, जिल्लाका चुनावी उम्मेदवारलाई नेकपाले कैद गर्ने नेकपा जिल्ला सचिवले बताए ।
- कात्तिक २७ गते, प्रहरीले पुर्वानुमानको अधारमा सहरमा हिंसा रोक्न पोखरा-लेखनाथ महानगरपालिकाबाट १२ नेकपा कार्यकर्तालाई गिरफ्तार गऱ्यो । प्रहरीले 'निर्वाचन बिरोधी गतिविधि' मा संलग्न हुन सक्नेहरुलाई समातेको बतायो ।
- कात्तिक २७ गते, दाङको बबई गाउँपालिका वडा ५ स्थित आफ्नै निवासबाट नेकपाका जिल्ला सचिवलाई प्रहरीले 'निर्वाचन बिरोधी गतिविधि' को आरोपमा गिरफ्तार गर्यो । नेकपा जिल्ला कार्यालयले कार्तिक २८ गते प्रेस बिज्ञप्तिमा उनलाई बिना शर्त रिहा गर्न अपिल गऱ्यो ।
- कात्तिक २८ गते, अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन - क्रान्तिकारी ( अनेरास्ववियु-क्रान्तिकारी), नेकपाको विद्यार्थी संगठनको एक केन्द्रीय सदस्यलाई तनहुँको दमौली नगरपालिकाबाट प्रहरीले पक्राउ गऱ्यो । उक्त गिरफ्तारी 'निर्वाचन बिरोधी गतिविधि' मा लागेका नेकपा कार्यकर्ताहरुको गिरफ्तारी शृंखलामा भएको प्रहरीले बतायो ।
- कात्तिक २९ गते प्रहरीले धनकुटास्थित हिले बजार, पाखिबास बजार र थलथले बजारबाट तीन नेकपा कार्यकर्तालाई 'निर्वाचन बिरोधी गतिविधि' को आरोपमा गिरफ्तार गऱ्यो ।
- मंसिर ३ गते, प्रहरीले सल्यानबाट तीन नेकपा नेताहरुलाई गिरफ्तार गर्यो । सोही दिन, चितवनको भरतपुरबाट जिल्ला सचिव र नुवाकोटको एक नेकपा जिल्ला कमिटी सदस्य पनि नुवाकोटमा गिरफ्तार भए । तीनै जना 'निर्वाचन बिरोधी गतिविधि' मा संलग्न भएको आरोपमा गिरफ्तार भएका हुन् ।
- मंसिर ३ गते, प्रहरीले झापाका तीन नेकपा कार्यकर्तालाई 'निर्वाचन बिरोधी गतिविधि' को आरोपमा जिल्लाका विभिन्न स्थानबाट गिरफ्तार गऱ्यो ।
- मंसिर ४ गते, रुपन्देहीको बुटवल उप-महानगरपालिकास्थित गोलपार्कमा शंकास्पद वस्तु राखेको आरोपमा नेकपा जिल्ला सचिव र जिल्ला इन् चार्जलाई प्रहरीले गिरफ्तार गऱ्यो । जिल्लाका प्रहरी उपरिक्षकले उनीहरुले स्थानीयलाई त्रास देखाइ मत नहाल्न दबाब दिएको दाबी गरे ।
- मंसिर ४ गते, पाँचथरबाट ११ नेकपा कार्यकर्ता पक्राऊ गर्यो । जिल्लामा नेकपाले चुनाव बिरोधी गतिविधि बढाएकाले अरु त्यस्ता घटना बढ्न नदिन उक्त गिरफ्तारी गरेको एक प्रहरी निरिक्षकले बताए ।
- मंसिर ४ गते, बैतडीका नेकपा जिल्ला इन् चार्जलाई प्रहरीले गिरफ्तार गऱ्यो । पिता बितेपछी अन्तिम संस्कारसम्बन्धि सांस्कृतिक कार्य गर्दै गर्दा, उनलाई प्रहरीले गिरफ्तार गरेको आरोप उनको पारिवारिक स्रोतले लगायो । प्रमुख जिल्ला अधिकारीले

पक्राउ परेका जिल्ला इन् चार्ज 'निर्वाचन बिरोधी गतिविधि' र स्थानीयलाई आतंकित पार्ने क्रियाकलापमा लागेको बताए ।

- मंसिर ४ गते, जिल्ला प्रहरी कार्यालय दाङले मंसिर ६ गते नेकपाले घोषणा गरेको बन्दको प्रतिक्रियामा २० नेकपा कार्यकर्ता पक्राउ गरेको जनायो ।
- मंसिर ४ गते, चितवनबाट प्रहरीले बिस्फोटक पदार्थ सहित ४ नेकपा कार्यकर्तालाई पक्राउ गऱ्यो । प्रहरीका अनुसार, ती कार्यकर्ताहरुबाट बम बनाउन चाहिने पाँच किलो जिलेटिन र तारहरु जफत गरियो ।
- मंसिर ४ गते, सिन्धुलीको हरिहरपुरगढी गाउँपालिकाबाट तीन नेकपा कार्यकर्तालाई 'निर्वाचन बिरोधी गतिविधि' को आरोपमा प्रहरीले पक्राउ गऱ्यो ।
- मंसिर ४ गते, मोरङका विभिन्न स्थानहरुबाट पाँच नेकपा कार्यकर्तालाई 'निर्वाचन बिरोधी गतिविधि' को आरोपमा प्रहरीले पक्राउ गऱ्यो ।
- मंसिर ४ गते, नवलपरासीका दुई स्थानहरुबाट नेकपा जिल्ला इन् चार्ज र एक कार्यकर्तालाई 'निर्वाचन बिरोधी गतिविधि' को आरोपमा प्रहरीले पक्राउ गऱ्यो ।
- मंसिर ५ गते, काभ्रेपलान्चोकका विभिन्न स्थानहरुबाट नेकपाका तीन जिल्ला कमिटी सदस्यहरुलाई 'निर्वाचन बिरोधी गतिविधि' को आरोपमा प्रहरीले पक्राउ गऱ्यो ।

अज्ञात समूह संलग्न भएका घटना

- कात्तिक २३ गते, बाँकेको राप्तीसोनार गाउँपालिका वडा ९ को वडा अध्यक्षमाथि एक अज्ञात समुहले गोली प्रहार गऱ्यो । गोली नलागेकाले वडा अध्यक्ष सकुशल छन् । कात्तिक २४ गते, उनले प्रमुख जिल्ला अधिकारीसमक्ष सर्वसाधारणको सुरक्षाको लागि ज्ञापनपत्र पेश गरे । प्रहरीले घटनामाथि खोजबिन गर्दैछ ।
- कात्तिक २४ गते, रुकुमस्थित चौरजहारी नगरपालिका वडा ८ मा वाम गठवन्धन र मंत्री जनार्दन शर्मा चढेको गाडीलाई लक्षित गरी एक अज्ञात समुहले दुईटा बम प्रहार गऱ्यो । शर्मा एक चुनावी सभालाई सम्बोधन गर्न जाने क्रममा उक्त घटना घट्यो । पहिलो बम गाडीमा लागेपछी पड्कियो भने दोस्रो बम पड्किएन । घटनामा कसैलाई चोटपटक लागेन ।
- कात्तिक २५ गते, प्रहरीले सुर्खेतस्थित पाँचपुरी नगरपालिका वडा ११ बाट डेटोनेटर, जिलेटिन र तारजस्ता बम बनाउन चाहिने बिस्फोटक पदार्थ बरामद गऱ्यो । प्रहरीले उक्त पदार्थहरु 'निर्वाचन बिरोधी गतिविधि' का लागि ल्याइएको हुनसक्ने आशंका गऱ्यो।
- कात्तिक २५ गते, एक अज्ञात समुहले पुर्वमंत्री बर्षमान पुन तथा उनका सहयोगीहरुलाई एम्बुसमा पाऱ्यो । पुन नेकपा (माके) को तर्फबाट रुकुमको प्रतिनिधि सभा क्षेत्र नम्बर १ को उम्मेदवार हुन् । पुनको टोली चुनावी प्रचार-प्रसारको क्रममा

रोल्पाको मादी गाउँपालिका वडा १ पुगेको बेलामा उक्त घटना घट्यो । घटनामा कसैलाई पनि चोटपटक लागेन तर गाडीमा भने सामान्य क्षती पुग्यो ।

- कात्तिक २६ गते, एक अज्ञात समुहले रोल्पाको दुईखोला गाउँपालिकास्थित केवारी खोलानजिक पुर्वमंत्री बर्षमान पुन तथा उनका सहयोगीहरुमाथि फेरी आक्रमण गऱ्यो । उक्त समुहले चुनावी सभामा जाँदै गरेका पुन र उनका सहयोगीहरुलाई चार गोली प्रहार गऱ्यो । प्रहरीका अनुसार घटनामा कसैलाई चोटपटक लागेन र चुनावी सभा पनि प्रभावित भएन ।
- कात्तिक २८ गते, एक अज्ञात समुहले नेपाल कम्युनिस्ट पार्टी - एकिकृत मार्क्सवादी लेनिनवादी (नेकपा-एमाले) को प्रादेशिक उम्मेद्वार शेरधन राईको गाडीलाई भोजपुरको ट्याम्केमैयु गाउँपालिका वडा ७ मा एम्बुसमा पाऱ्यो । घटनामा कसैलाई चोटपटक लागेन ।
- कात्तिक २८ गते, म्याग्दीस्थित बेनी नगरपालिका वडा १ मा नेपाली काँग्रेसको चुनाव प्रचार टोलीलाई लक्षित गर्दै एक अज्ञात समुहले बम प्रहार गर्यो । प्रहरीका अनुसार उक्त बिस्फोटनको खास लक्ष एक प्रतिनिधि सभा उम्मेद्वार थिए । उक्त घटनामा एक गाडीलाई सामान्य क्षती पुग्यो ।
- कात्तिक २८ गते, संखुवासभास्थित सभापोखरी गाउँपालिका वडा २ मा नेकपा एमालेका प्रतिनिधि सभा उम्मेद्वारलाई लक्षित गर्दै एक अज्ञात समुहले बम प्रहार गऱ्यो । प्रहरीका अनुसार कसैलाई पनि चोटपटक लागेन तर एक गाडीलाई सामान्य क्षती पुग्यो ।
- मंसिर २ गते, तनहुँस्थित भानु नगरपालिका वडा १० मा नेपाली काँग्रेसका नेता रामचन्द्र पौडेल चढेको गाडीलाई लक्षित गर्दै एक अज्ञात समुहले बम प्रहार गऱ्यो । पौडेलको टोली लमजुङतर्फ चुनावी कार्यक्रममा जाँदै गर्दा उक्त घटना घटेको हो । घटनाबाट कोही पनि घाइते नभए पनि, पौडेलको गाडीको शिशा भने फुट्यो ।
- मंसिर ३ गते, बागलुङको बदिगढ़ गाउँपालिकाको न्वारमा एक बम भेटियो । न्वारका बासिन्दाहरुले प्रहरीलाई उक्त शंकास्पद बस्तुका बारेमा जानकारी गरेपछी नेपाली सेनाले उक्त बमलाई नष्ट गऱ्यो । प्रहरी निरिक्षकअनुसार दोषीको खोजी जारी छ ।
- मंसिर ३ गते, धादिङको थाक्रे गाउँपालिकास्थित दामेचौरमा नेकपा एमालेको निर्वाचन क्षेत्र १ को संसदीय उम्मेद्वारलाई लक्षित गर्दै एक अज्ञात समुहले बम बिस्फोट गर्यो । सोही दिनमा धादिङ जिल्ला निर्वाचन कार्यालयमा राखिएको बमलाई नेपाली सेनाले नष्ट गऱ्यो । जिल्ला प्रहरी कार्यालयका अनुसार दोषी अज्ञात समुहरुको खोजी हुँदै छ र जिल्लाको सुरक्षा व्यवस्थालाई पनि कडा पारिएको छ ।
- मंसिर ४ गते, रसुवाको उत्तरगया गाउँपालिकास्थित नेपाली काँग्रेसका प्रतिनिधिसभा उम्मेद्वारको घरमा एक बम फेला पऱ्यो । सुरक्षाकर्मीहरुले उक्त बम निष्क्रिय पारे ।
- मंसिर ४ गते, एक अज्ञात समूहले संखुवासभाको एक बस पार्कमा नेकपा एमालेले प्रयोग गरेको गाडीमा आगजनी गऱ्यो । उक्त गाडी पूर्ण रुपमा ध्वस्त भयो ।

- मंसिर ४ गते, नेपाली काँग्रेसको प्रादेशिक निर्वाचन क्षेत्र ४ (क) को उम्मेद्वारको गाडीमा बम बिस्फोट भयो । बाराको जीतपुर-सिमरा उपमहानगरपालिकास्थित सवारी चालकको घरअगाडि गाडी राखिएको अवस्थामा बिस्फोट भएको हो । गाडीमा बिस्फोटले ठुलो क्षती पुऱ्यायो ।
- मंसिर ४ गते, बागलुङको लालीगुराँस चोकस्थित सहकारी तथा गरीबी उन्मुलन मन्त्रीको घरमा बिस्फोट भयो । बिस्फोटबाट घरका पर्खालहरुमा केही क्षती पुगे पनि, कोही पनि घाइते भएन । बागलुङका प्रहरी उपरिक्षकका अनुसार, घटनामाथि अनुसन्धान भइरहेको छ ।
- मंसिर ४ गते, नेकपा एमालेको तर्फबाट निर्वाचन क्षेत्र २ (क) को प्रदेश सभा उम्मेदवारको पर्साको बिरगंज महानगरपालिकामा पर्ने रानीघाटस्थित घर नजिक बिस्फोट भयो । घटनामा कोही पनि घाइते भएन ।
- मंसिर ५ गते, चितवनको भरतपुरस्थित वन तथा भूसंरक्षण मन्त्रीको घरपछाडी बम भेटिएपछी, नेपाली सेनाले उक्त बमलाई निस्क्रिय पाऱ्यो । मन्त्री राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको केन्द्रीय सदस्य र चितवनको निर्वाचन क्षेत्र ३ बाट प्रतिनिधि सभाको उम्मेदवार पनि हुन् ।
- मंसिर ५ गते, रौतहटको गुजरा नगरपालिकास्थित हरिहरपुर बजारमा बम भेटिएपछी, नेपाली सेनाले उक्त बमलाई निस्क्रिय पाऱ्यो । घटनाको कारण करिब चार घण्टासम्म सवारीसाधन आवतजावत बन्द भयो ।
- मंसिर ५ गते, बागलुङको निशिखोला गाउँपालिकास्थित याङमाङको जंगलमा हिड्दै गर्दा नेपाली काँग्रेसका कार्यकर्तामाथि एक अज्ञात समूहले बम प्रहार गर्यो । गाउँपालिका अध्यक्षअनुसार घटनाबाट कोही पनि घाइते भएन ।
- मंसिर ६ गते, धादिङको गजुरी गाउँपालिकामा पर्ने पृथ्वी राजमार्गको एक खण्डमा बम बिस्फोट भेटिएपछी, नेपाली सेनाले उक्त बमलाई निस्क्रिय पाऱ्यो । घटनाको कारण एक घण्टा तीस मिनेटसम्म सवारीसाधन आवतजावत बन्द भयो ।

राजनीतिक पार्टीमा भएका आन्तरिक द्वन्द्व

- कात्तिक ८ गते, उम्मेदवार छनोटमा इमान्दार कार्यकर्ताको बेवास्ता गरेको भन्दै राष्ट्रिय जनता पार्टी (राजपा) को एक जिल्ला नेताले सप्तरीको राजविराज नगरपालिकामा भोक हड्ताल गरे ।
- कात्तिक १५ गते, पार्टीले आफ्नो निर्वाचन क्षेत्रबाट उम्मेद्वारी नदिने निर्णयबाट क्रुद्ध भक्तपुर निर्वाचन क्षेत्र १ का नेकपा एमालेका कार्यकर्ताले आफ्नो जिल्ला पार्टी कार्यालयमा तालाबन्दी गरे । एमालेले उक्त क्षेत्रमा नेकपा-माकेको उम्मेदवारलाई समर्थन गर्ने निर्णय गरेको छ । एमालेको जिल्ला अध्यक्षले उक्त घटना केही क्रुद्ध कार्यकर्ताले मात्र गराएको बताए ।

- कात्तिक १४ गते, पार्टीले निर्वाचन क्षेत्र १ बाट उम्मेद्वारी नदिने निर्णयको बिरोध गर्दै सप्तरीको राजविराज नगरपालिकाका युवा नेताहरुले आफ्नो जिल्ला पार्टी कार्यालयअगाडि भोक हड्ताल गरे । एमालेले उक्त क्षेत्रमा नेकपा-माकेको उम्मेदवारलाई समर्थन गर्ने निर्णयलाई एमाले कार्यकर्ताहरुले गलत भएको दाबी गरे ।
- कात्तिक १६ गते, बाँकेको नेपालगंज उप-महानगरपालिकाका नेपाली काँग्रेस कार्यकर्ताले आफ्नो जिल्ला पार्टी कार्यालयमा तालाबन्दी गरे । काँग्रेसले बाँकेको निर्वाचन क्षेत्र २ मा राप्रपाको उम्मेदवारलाई समर्थन गर्ने निर्णयबाट काँग्रेस कार्यकर्ताहरु असन्तुष्ट भएका हुन् ।

अन्तर-पार्टी द्वन्द्व

- कात्तिक ५ गते, मुगुको छाँयानाथ-रारा नगरपालिकाको वडा ४ मा नेकपा एमाले र नेपाली काँग्रेसका कार्यकर्ता एकआपसमा भिडे । नेपाली काँग्रेसका कार्यकर्ताहरु ब्याण्ड बाजासहित आफ्नो पार्टीको उम्मेदवारी दर्ता गर्न गमगढी जाने क्रममा एमालेका कार्यकर्ताले रोक्ने प्रयत्न गरेकाले उक्त भिडन्त सुरु भयो । घटनाबाट पाँच मानिस घाइते भए । नेपाली काँग्रेसका कार्यकर्ताले पनि एमाले समर्थकलाई ढुङ्गा हाने ।
- कात्तिक १९ गते, डोल्पाको मुड्केचुला गाउँपालिकामा पार्टी गठवन्धनसम्बन्धि विवादमा नेकपा एमाले र नेपाली काँग्रेसका कार्यकर्ता एकआपसमा भिडे । एक एमाले कार्यकर्ता गम्भीर रुपमा घाइते भए ।
- कात्तिक २४ गते, सोलुखुम्बुको सोतांग गाउँपालिकामा नेकपा माके र नेपाली काँग्रेसका कार्यकर्ताको भिडन्त भयो । उक्त घटना नेपाली काँग्रेसको चुनाव प्रचारको दौरानमा भएको थियो । एक काँग्रेसका नेताका अनुसार, माओवादी कार्यकर्ताहरुले काँग्रेसी कार्यकर्ताहरुलाई प्रहार गरेर लखेटे । तर एक माओवादी कार्यकर्ताका अनुसार नेपाली काँग्रेसले माओवादीको पोस्टर, झण्डा र अन्य प्रचार सामाग्री च्यातेकाले, प्रतिकार गर्ने क्रममा घटना उक्त घट्यो ।
- कात्तिक २९ मा, रामेछापको लिखु गाउँपालिकास्थित दुरागाउँमा नेकपा एमाले कार्यकर्ताको आक्रमणमा परी तीन काँग्रेस कार्यकर्ताहरु घाइते भए । घटनासम्बद्ध दुईजनालाई प्रहरीले हिरासतमा लियो ।
- मंसिर ६ गते, नुवाकोटको किसपांग गाउँपालिकास्थित फिकुरीबाट फर्किंदै गर्दा वाम गठवन्धनका कार्यकर्तालाई नेपाली काँग्रेसका कार्यकर्ताले आक्रमण गर्दा, गठवन्धनका तीन कार्यकर्ता घाइते भए । भिडन्तमा संलग्न तीनजनालाई प्रहरीले गिरफ्तार गऱ्यो ।
- मंसिर ६ गते, गोर्खाको चुम्नुब्री गाउँपालिकास्थित सल्लेरीमा वाम गठवन्धनका कार्यकर्ताले नेपाली काँग्रेसको प्रचार सामाग्री बोकेका एक कांग्रेसी कार्यकर्ता र

उनका साथ रहेका छोरा र नातेदारमाथि आक्रमण गरे। घटनाबाट कांग्रेसी कार्यकर्ता घाइते भए। प्रहरीले ११ वाम गठवन्धनका कार्यकर्तालाई घटनामा संलग्न भएको आशंकामा पक्राउ गऱ्यो।

स्थानीय पुनर्संरचनासम्बन्धी घटना

- कात्तिक २४ गते, जाजरकोटको चेदगाउँ नगरपालिकाको वडा १, २, ३, १२ र १३ का बासिन्दाले नगरपालिका केन्द्र मानघाटबाट हटाउन बोलाइएको विशेष भेलालाई रोक्न जुलुस निकाले। उक्त भेलाले थाल्हा बजारलाई केन्द्र बनाउन सक्ने आशंका बासिन्दाको छ। नेपाल गजेटले मानघाटलाई नगरपालिका केन्द्र तोकिसकेको छ। नगरपालिका अध्यक्ष मानघाटलाई केन्द्रको रुपमा नस्विकारी विशेष भेलाद्वारा केन्द्र परीवर्तन गर्न चाहन्छन्। तर उपध्यक्ष भने मानघाटकै पक्षमा छन्। स्थानीयहरुले सोही दिन बजार तथा विद्यालय बन्द गरे।

****

*यो प्रतिवेदन डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डिआरसीएन) र शान्तिका लागि साझा अभियान (कोक्याप)/नेपाल मोनिटरले आउँदो निर्वाचनहरुको अवधिभर प्रकाशन गर्ने आवधिक विश्लेषण अद्यावधि शृङ्खलाको पन्ध्रौँ संस्करण हो। यस परियोजनाले द एशिया फाउन्डेशन र द कार्टर सेन्टरबाट आर्थिक र प्राविधिक सहायता प्राप्त गरेको छ।*

# पहिलो चरणको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन अघिको चुनावी अभियान
## अवधिमा भएका घटनाहरु, कात्तिक ५- मंसिर ७, २०७४

मङ्सिर १: अज्ञात समूहद्वारा रोल्पाको भदौरे जंगलमा पुर्वसभामुख ओन्सरी घर्ती सवार गाडीलाई लक्षित गर्दै  बम प्रहार

कार्तिक ३०: अज्ञात समूहद्वारा रोल्पाको लिवाङबाट जैलिपोखरी जाँदै गरेको राज्यमन्त्री अमरसिंह पुनको गाडीलाई लक्षित गर्दै बम प्रहार

कार्तिक २६: अज्ञात समूहद्वारा रोल्पाको दुईखोली गाउँपालिकामा माओवादी केन्द्रका नेता बर्षमान पुनको गाडीलाई लक्षित गर्दै ४ राउण्ड गोली प्रहार

कार्तिक २५: अज्ञात समूहद्वारा रोल्पाको सुकुडामा माओवादी केन्द्रका नेता बर्षमान पुनको गाडीलाई लक्षित गर्दै बम प्रहार




घटनाका प्रकारहरु

- घेराउ/धर्ना/तालाबन्दी
- प्रदर्शन
- बन्द हड्ताल
- कर्फ्यु/निषेधाज्ञा
- राजनीतिक दलका कार्यकर्ता पक्राउ
- झडप आक्रमण
- बम तथा विष्फोटक पदार्थ
- आगजनी
- तोडफोड

जम्मा घटनाहरुको संख्या

- ०
- १ - २
- ३ - ५
- ६ - ७

मङ्सिर ६: नुवाकोटको शिवपुरी गाउँपालिका-४ स्थित एक नेपाली काँग्रेस कार्यकर्ताको घरमा बम फेला

मङ्सिर ३: नेपाली काँग्रेसका कार्यकर्ताको आक्रमणमा परि किप्सांग गाउँपालिका-२ फिकुरी मा ३ जना बाम गठबन्धनका कार्यकर्ता घाइते

मङ्सिर १: अज्ञात समूहले नेपाली काँग्रेसका नेता राम शरण महत सवार गाडीलाई लक्षित गर्दै नुवाकोटको ककनी-५ मा बम विष्फोट गराउँदा ४ जना गम्भीर घाइते

NepalMonitor.org
NEPAL MONITOR
human rights . security . nepal